# "सामुदायिक स्वास्थ्य ईकाई निर्माण तथा सेवा सञ्चालन कार्यविधि, २०७८"

कार्यपालिकाबाट पारित मिति : २०७८।३।२३

**प्रस्तावना** : नेपालको संविधानको धारा ३५ (१) तथा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३(४) मा उल्लेखित आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई कार्यान्वयन गर्न तथा आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रममा उल्लेखित स्थानीय तहबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने भन्ने प्रावधानको कार्यान्वयनका लागि स्वास्थ्य संस्थाबाट भौगोलिक विकटता तथा दुरीका हिसाबले टाढाका बस्तीहरुमा सम्बन्धित वडासँग लागत सहभागितामा स्वास्थ्य संस्था स्थापना गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय स्वास्थ्य स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी **नौमुले गाउँ कार्यपालिकाले** यो कार्यविधि बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सामुदायिक स्वास्थ्य ईकाई निर्माण तथा सञ्चालन
कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि नौमुले गाउँ कार्यपालिकाले पारित गरी तोकेको मितिबाट लागू हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ।

(घ) "स्वास्थ्य संस्था" भन्नाले बस्तीस्तरमा स्थापना भएका वा हुने सामुदायिक स्वास्थ्य ईकाईहरुलाई सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापित भएका र स्थापना हुने अन्य स्वास्थ्य संस्थाहरु (आधारभूत स्वास्थ्य सेवा केन्द्र/स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र आदि) समेतलाई बुझनुपर्नेछ।

(ङ) "सञ्चालन खर्च" भन्नाले जनशक्ति व्यवस्थापन, औजार उपकरण, औषधि, मसलन्द खर्च समेतलाई सम्झनु पर्दछ।

(च) "स्थानीय तह" भन्नाले नौमुले गाउँपालिका सम्झनु पर्दछ।

(छ) "वडा" भन्नाले नौमुले गाउँपालिकाका कायम वडा सम्झनु पर्दछ।

**३. आधारभूत स्वास्थ्य सेवा प्रवाह सम्बन्धी व्यवस्था** : (१) संविधान तथा ऐनद्वारा प्रदत्त आधारभूत स्वास्थ्य सेवा
स्थानीय स्तरमा प्रवाह गरिनेछ।

(२) स्वास्थ्य संस्थाबाट भौगोलकि रुपमा विकट र दुरीका हिसाबले टाढा भएका बस्तीहरुमा क्रमशः स्वास्थ्य संस्था स्थापना गरिदै लगिनेछ।

(३) उपदफा (२) मा उल्लेखित स्वास्थ्य संस्था निर्माणका लागि स्थानीय सरकारले स्वीकृत गरेको लागत अनुमान बमोजिमको बजेट स्थनीय तहले व्यवस्था गर्नेछ।

**४. सामुदायिक स्वास्थ्य ईकाईको निर्माण :** (१) दफा ३(३) बमोजिम प्राप्त बजेटबाट लागत सहभागिताको आधारमा सम्बन्धित वडाले स्वास्थ्य संस्थाबाट भौगोलिक रुपमा बिकट र दुरीका हिसाबले टाढा रहेका आफ्ना बस्तीहरुमा सामुदायिक स्वास्थ्य ईकाईहरु निर्माण र सञ्चालन गर्नु पर्नेछ ।

(२) स्थानीय तहले स्वास्थ्य संस्था नरहेका बस्तीहरुको छनौट जनसंख्या, मानव विकास सूचकांक, भूगोल, नक्सांकन र सडक संजालसँगको पहुँचलाई आधार मानी गर्नेछ ।

(३) स्वास्थ्य सस्था निर्माण गर्न प्रस्तावित स्थान छनौट गर्दा सबै किसिमले पायक पर्ने स्थान सम्बन्धित वडाको सिफारिसमा स्थानीय तहको बोर्ड बैठकको निर्णयबाट तोक्नुपर्नेछ । यसरी तोकिएको स्वास्थ्य संस्थाको दुरी तत्काल कायम रहेको अन्य स्वास्थ्य संस्थाबाट कम्तीमा १ घण्टाको दुरीमा हुनुपर्नेछ ।

(४) मन्त्रालयले स्वीकृत गरेको लागत अनुमान तथा नमूना भवन डिजाइनको परिधिभित्र रही सम्बन्धित स्थानीय तहले स्वास्थ्य संस्था निर्माण गर्नु पर्नेछ । स्वास्थ्य संस्था रहेका बस्तीहरूमा सामुदायिक स्वास्थ्य ईकाईहरु सम्बन्धी बजेट खर्च गर्न पाइने छैन ।

(५) स्वास्थ्य संस्था निर्माण कार्य राष्ट्रिय भवन संहिता तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गर्नुपर्नेछ ।

(६) स्वास्थ्य संस्था निर्माणका लागि सम्बन्धित वडाले स्थानीय तहसँगको समन्वयमा लागत अनुमान रकमको व्यवस्थापन गर्नुपर्नेछ ।

(७) सम्बन्धित स्वास्थ्य संस्थाको लाभान्वित जनसंख्या र भौगोलिक बर्गिकरण अनुसार राष्ट्रिय भवन निर्माण संहिता बमोजिम स्वास्थ्य संस्था निर्माण गर्नुपर्नेछ ।

(८) उप दफा (६) बमोजिमको कार्यका लागि स्थानीय तहसँगको समन्वयमा सम्बन्धित वडाले न्यूनतम् ९ आनाँ (२८६ वर्ग मीटर) जग्गा उपलब्ध गराउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम स्वास्थ्य संस्था निर्माण गर्न जग्गा प्राप्त नभएमा वा कुनै स्थानमा विवाद आएमा वा प्राविधिक दृष्टिले उपयुक्त नदेखिएमा सम्बन्धित वडाभित्र वा स्थानीय तहभित्र स्वास्थ्य संस्था नभएको अर्को स्थानलाई छनौट गरी निर्माण गर्नुपर्नेछ ।

(१०) भवन निर्माण सम्बन्धी कार्यको प्राविधिक सहजीकरण स्थानीय तहबाट हुनेछ ।

(११) स्थानीय तहसँगको समन्वयमा सम्बन्धित वडाबाट भवनका लागि आवश्यक कम्पाउण्ड वाल, धारा, पानी, बिजुली लगायतको पूर्वाधारको व्यवस्था गर्नुपर्नेछ ।

**५. सामुदायिक स्वास्थ्य ईकाई सञ्चालन :** (१) सामुदायिक स्वास्थ्य ईकाई निर्माणका लागि स्थानीय तहले छनौट गरेका स्थानहरुमा यसै आर्थिक वर्षबाट सम्बन्धित वडाले स्थानीय तहसँगको समन्वयमा आधारभूत स्वास्थ्य सेवा प्रवाह हुने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि स्थानीय सरकारले सञ्चालन खर्चको व्यवस्था गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सेवा प्रवाह गर्दा कम्तीमा खोप, परिवार नियोजन, गर्भवती एवम् शिशु जाँच, नवजात शिशु सेवा, डट्स सेवा, पोषण, मानसिक स्वास्थ्य, नसर्ने रोगहरुको परामर्श तथा स्क्रिनिङ्ग, औषधी वितरण, स्वास्थ्य प्रवर्द्धन, सामान्य उपचार लगायतका स्वास्थ्य सेवाको समुचित व्यवस्था स्थानीय तहले गर्नु पर्नेछ ।

(४) आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक न्यूनतम् जनशक्ति (अ.हे.व. १ जना र कार्यालय सहयोगी १ जना) गरी जम्मा २ जना कर्मचारी प्रचलित कानून बमोजिम करारमा लिई परिचालन गर्नेछ । सेवा क्षेत्रको भौगोलिक दुरी, बस्तीहरुको विकटता र सेवाग्राहीको चापको आधारमा स्थानीय तहले सुरक्षित मातृत्व सेवाका लागि थप एक जना अ.न.मी. करारमा न्यूक्ति गर्न सकिनेछ ।

(५) उप दफा (४) बमोजिमको जनशक्ति व्यवस्थापन सम्बन्धित वडा समितिको निर्णय अनुसार करार सम्झौता गर्न सकनेछ ।

(६) सामुदायिक स्वास्थ्य ईकाईको नियमित सञ्चालन, रेखदेख, समन्वय र सहयोगका लागि देहाय बमोजिमको एक **सामुदायिक स्वास्थ्य ईकाई सञ्चालन तथा व्यवस्थापन समिति** रहनेछ ।

देहाय :-

| | |
|---|---|
| १. सामुदायिक स्वास्थ्य ईकाई रहेको सम्बन्धित वडाको वडा अध्यक्ष | अध्यक्ष |
| २. सामुदायिक स्वास्थ्य ईकाई रहेको सम्बन्धित स्वास्थ्य चौकी प्रमुख | सदस्य |
| ३. सामुदायिक स्वास्थ्य ईकाई रहेको सम्बन्धित टोलको सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका १ जना | सदस्य |
| ४. सेवाग्राहीबाट छानिएका कम्तीमा एक जना महिला सहित २ जना | सदस्य |
| ५. स्थानीय विधालयको शिक्षकहरु मध्येबाट एक जना | सदस्य |
| ६. सम्बन्धित सामुदायिक स्वास्थ्य ईकाई प्रमुख | सदस्य सचिव |

(७) उप दफा (६) बमोजिमको समिति अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सामुदायिक स्वास्थ्य ईकाईको बैंक खाता सञ्चालन हुनेछ ।

(७) सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण कार्य सम्पन्न नभएसम्म सेवा प्रवाहका लागि आवश्यक पर्ने न्यूनतम् ३ कोठा स्थानीय तहसँगको समन्वयमा सम्बन्धित वडाले व्यवस्था गर्नु पर्नेछ ।

(६) दफा (६) बमोजिमको कार्यका लागि आवश्यक न्यूनत्तम आर्थिक व्यवस्थापन स्थानीय सरकारले गर्नेछ ।

६. <u>बचाउ र खारेजी</u> : यस गाउँ पालिकाभित्र यस अगावै स्थापना भई सञ्चालित सामुदायिक स्वास्थ्य ईकाईहरु र कार्यरत कर्मचारीहरु यसै कार्यविधि अन्तरगत भए गरेको मानिने छ ।